# न्यू ह्याम्पशायर (NH) इलेक्ट्रोनिक बेनेफिट्स ट्रान्सफर (EBT) मा तपाईंलाई स्वागत छ!

***तपाईंको लागि आफ्नो सुविधाहरू प्रयोग गर्ने सुरक्षित, सुविधाजनक र सरल तरिका!***




EBT कार्ड (EBT Card) मा दुई प्रकारका सुविधाहरू जारी गर्न सकिन्छ:

- फुड स्ट्याम्पस् [रासन कार्ड (Food Stamps)]; र
- क्यास [नगद (Cash)], यदि तपाईंले आफ्नो Cash सुविधाहरू EBT मार्फत जारी गर्न छनौट गर्नुभएमा।

तपाईंको EBT कार्डमा तपाईं योग्य हुने दुई प्रकारका सुविधाहरू मात्र समावेश हुन्छ। यदि तपाईं Food Stamp तथा Cash सुविधाहरू दुवैका लागि योग्य हुनुहुन्छ र तपाईंले आफ्नो Cash सुविधाहरू आफ्नो EBT कार्ड मार्फत जारी गर्न छनौट गरेमा दुवै प्रकारका सुविधाहरू तपाईंको एउटै EBT कार्डमा जारी गरिन्छ।

एकपटक तपाईं Food Stamp वा Cash सुविधाहरूका लागि योग्य भइसकेपछि तपाईंको सुविधाहरू हरेक महिनाको सप्ताहान्त वा बिदाको दिन भएतापनि उहीं दिन बिहान 6:00 बजे स्वत: तपाईंको EBT खातामा जम्मा हुन्छन्।

- Food Stamp सुविधाहरू हरेक महिनाको 5औं दिनमा जम्मा हुन्छ।
- Cash सुविधाहरू अर्ध-मासिक रूपमा जारी हुन्छ। तपाईंको मासिक अनुदान हरेक महिनाको 15औं र 30औं दिनमा तपाईंको EBT कार्डमा आधा-आधा जम्मा हुन्छ। फेब्रुअरी महिनामा तपाईंको दोस्रो अर्ध-मासिक भुक्तानी उक्त महिनाको अन्तिम दिनमा जम्मा हुन्छ।

तपाईंले आफ्नो सुविधाहरू प्राप्त गर्नको लागि उहीं EBT कार्डलाई प्रयोग गर्नुपर्छ। तपाईंले आफ्नो सुविधाहरू प्रयोग गर्दै जाँदा तपाईंको खाताको ब्यालेन्स सोहीअनुसार घट्दै जान्छ।

प्रयोग नभएका सुविधाहरू अर्को महिनामा सर्छ तर तपाईंले आफ्नो Cash सुविधाहरूलाई हरेक 90 दिनमा कम्तिमापनि एकपटक र आफ्नो Food Stamp सुविधाहरूलाई हरेक 365 दिनमा एकपटक प्रयोग गर्नैपर्छ। 90 दिनमा प्रयोग नभएका Cash सुविधाहरू र 365 दिनमा प्रयोग नभएका Cash सुविधाहरूलाई तपाईंको EBT कार्डबाट हटाइनेछ र तपाईंलाई फिर्ता गरिनेछैन।

तपाईंको EBT खातालाई तपाईंको NH Cash वा Food Stamp सुविधाहरूसम्म पहुँच राख्नको लागि मात्र प्रयोग गर्न सकिन्छ। तपाईंले आफ्नो EBT खातामा रकम जम्मा गर्न वा आफ्नो NH EBT कार्डमा अर्कै राज्यबाट सुविधाहरू प्राप्त गर्न सक्नुहुन्न।

## आफ्नो FOOD STAMP सुविधाहरू कसरी प्रयोग गर्ने

तपाईंले आफ्नो Food Stamp सुविधाहरूलाई भागीदार स्थानहरूमा निम्न वस्तुहरू खरिद गर्न प्रयोग गर्न सक्नुहुन्छ:

- घरपरिवारको लागि खानको लागि खाद्यान्नहरू, जस्तो कि:
  - पाउरोटी तथा अनाजहरू;
  - फलफूल तथा तरकारीहरू;
  - मासु, माछा तथा पोल्ट्री उत्पादन; र
  - दुग्ध उत्पादनहरू।
- आफ्नो घरपरिवारको निम्ति खाद्यान्न उत्पादन गर्नको लागि बिउ तथा बिरूवाहरू।

तपाईंले आफ्नो Food Stamp सुविधाहरूलाई अटोमेटेड टेलर मसिन [Automated Teller Machine (ATM)] बाट प्रयोग गर्न वा निम्न वस्तुहरू खरिद गर्न **सक्नुहुन्न**:

- बियर, वाइन, रक्सी, चुरोट वा सुर्तीजन्य उत्पादन;
- पाल्तु जनावरको खाना, साबुन, कागजका उत्पादन, डाइपर, घरपरिवारको अन्य सामग्री वा व्यक्तिगत स्वास्थ्यप्रद वस्तु जस्ता कुनैपनि गैर-खाद्यान्न वस्तु;
- भिटामिन, औषधीहरू; वा
- स्टोरमा खाइने हट फुड वा अन्य खाद्यान्नहरू।

आफ्नो Food Stamp सुविधाहरूलाई प्रयोग गर्नको लागि:

- आफ्नो EBT कार्डलाई Point-Of-Sale (POS) टर्मिनलमा स्वाइप गर्नुहोस् वा आफ्नो EBT कार्डलाई क्लर्क/क्यासियरलाई दिनुहोस्।
- POS टर्मिनलमा रहेको Food Purchase विकल्प छान्नुहोस्।
- आफ्नो 4-अङ्कको व्यक्तिगत पहिचान नम्बर [Personal Identification Number (PIN)] लाई किप्याडमा थिचेर प्रविष्ट गर्नुहोस्। POS टर्मिनलले **** देखाउनेछ। **आफ्नो PIN लाई कहिलेंपनि क्यासियरलाई नदिनुहोस्!**
- स्क्रिनमा देखिने निर्देशनहरूलाई पालना गर्नुहोस्।
- रसिदमा भएको जानकारी ठीक छ भनेर पक्का गर्नुहोस्।
- यस रसिदलाई आफ्नो साथमा राख्नुहोस् जसलेगर्दा तपाईंले अर्को पटक खरिद गर्न जाँदा आफ्नो नयाँ ब्यालेन्स जान्न सक्नुहुनेछ।

तपाईंले खाद्यान्नहरू खरिद गर्दा जति रकम लाग्छ ठ्याक्कै त्यतिनै रकम तपाईंको EBT कार्डबाट कट्टा गरिन्छ। स्टोरहरूले Food Stamp को खरिदहरूमा बिलको रकम कटाइ फिर्ता हुने चानचुन पैसा तपाईंलाई दिँदैनन्। Food Stamp सुविधाहरू प्रयोग गर्दा भएको कारोबारमा कुनै शुल्क लाग्दैन र न्यूनतम खरिद आवश्यकता पनि छैन।

## आफ्नो CASH सुविधाहरू कसरी प्रयोग गर्ने

तपाईंले आफ्नो EBT कार्डमा निम्न स्थानहरूमा तथा कार्यहरूका लागि Cash सुविधाहरू प्रयोग गर्न सक्नुहुन्छ:

- निषेधित नगरिएको कुनैपनि स्टोरमा:
  - खरिद गरिएका वस्तुहरूको लागि भुक्तानी गर्न; र
  - भागीदार स्टोरहरूमा नगद फिर्ता प्राप्त गर्न।
- तपाईंले QUEST लोगो देख्नुहुने निषेधित नगरिएको कुनैपनि ATM मा:
  - आफ्नो Cash सुविधाहरू निकाल्न; वा
  - आफ्नो नगद ब्यालेन्स जाँच गर्न।

तपाईंले आफ्नो EBT कार्ड वा आफ्नो EBT कार्डबाट प्राप्त गर्नुभएको नगदलाई निम्न निषेधित स्थानहरूमा प्रयोग गर्न सक्नुहुन्न:

- मुख्यत: रक्सीजन्य पेयपदार्थहरू बिक्री गर्ने (50% भन्दा बढी देख्न सकिने सूची भएको) वा मुख्यत: अङ्गच्छेदन (body piercing), डामेर चिन्ह बनाउने (branding) वा टाटु बनाउने (tattooing) मा संलग्न स्थानहरू;
- जुवाघर वा सिगार, पाइप, धुम्रपान वा सुर्तीजन्य स्टोर/सानो दोकान/पसलहरू; वा
- अधिकांश गाँजाको औषधालयहरू; वा
- प्रत्यक्ष प्रसारण, भिडियो वा छापाको माध्यम (50% भन्दा बढी देख्न सकिने सूची भएको) मध्ये कुनैबाट पनि वयस्क-मनोरञ्जन उपलब्ध गराउने व्यापारिक स्थलहरू।

ATM मा आफ्नो Cash सुविधाहरू प्राप्त गर्न:

- आफ्नो EBT कार्डलाई भित्र छिराउनुहोस् वा स्वाइप गर्नुहोस् र ATM स्क्रिनमा देखिने निर्देशनहरूलाई पालना गर्नुहोस्।
- आफ्नो PIN लाई प्रविष्ट गर्नुहोस्।
- पहिला "Withdraw Cash" छान्नुहोस् र त्यसपछि "Checking" छान्नुहोस्।
- पूर्ण डलर रकम ($20, $40, $60 इत्यादि) प्रविष्ट गर्नुहोस्। यदि तपाईंको ब्यालेन्स यो रकम भन्दा कम भएमा तपाईंले भागीदार स्टोरहरूबाट कम मात्राको नगद रकम प्राप्त गर्न सक्नुहुन्छ।
- आफ्नो पैसा लिनुहोस् र रसिद आफू साथ राख्नुहोस्।
- ATM मा हुने कारोबारमा कुनैपनि समस्या आएमा तुरुन्तै EBT ग्राहक सेवा (EBT Customer Service) लाई फोन सम्पर्क गर्नुहोस्।

हरेक महिना तपाईंले दुईपटक नि:शुल्क नगद निकाल्न सक्नुहुन्छ। यी दुईपटक पछि तपाईंले हरेक पटक पैसा निकाल्दा तपाईंको खाताको रकमबाट $0.50 ट्रान्जेक्सन शुल्क स्वत: कट्टा गरिन्छ। यो EBT सम्बन्धी शुल्क ATM प्रयोग शुल्क नलाग्ने भएमा मात्र लागू हुन्छ।

## EBT प्रश्न तथा जवाफहरू

### मैले मेरो EBT कार्ड प्राप्त गरिसकेपश्चात मैले के-के गर्नुपर्छ?

सबैभन्दा पहिला आफ्नो कार्डको पछाडिको भागमा हस्ताक्षर गर्नुहोस्। त्यसपछि तपाईंले 4 अङ्कको व्यक्तिगत पहिचान नम्बर (PIN) छान्नुपर्छ। आफ्नो PIN छान्नको लागि तपाईं निम्न कार्य गर्न सक्नुहुन्छ:

- EBT ग्राहक सेवाको नम्बर (1-888-997-9777) मा फोन सम्पर्क गर्नुहोस्। स्वचालित प्रणालीले आफ्नो PIN छान्नको लागि के गर्ने भनेर तपाईंलाई जानकारी दिनेछ। यो फोन नम्बर EBT कार्डको पछाडिको भागमा हुन्छ। हरेक 0 लाई अक्षर "ओ (O)" नभनेर नम्बर "जिरो" भन्न याद राख्नुहोस्।
- ebtEDGE.com मा जानुहोस् र स्क्रिनको बायाँ साइडमा भएको "Cardholder Login" मा क्लिक गर्नुहोस्। त्यसपछि आफ्नो 16 अङ्कको EBT Card नम्बर प्रविष्ट गर्नुहोस् र "Login" बटनलाई थिच्नुहोस्। त्यसपछि तपाईंले आफ्नो PIN छान्न सक्नुहुनेछ।
- यदि तपाईंको फोन वा इन्टरनेटसम्म पहुँच छैन भने तपाईं आफ्नो PIN छान्न आफ्नो स्थानीय जिल्ला कार्यालय (District Office) मा जान सक्नुहुन्छ। झ्यालमा हुने सहयोगीलाई तपाईंलाई आफ्नो PIN छान्न छ भनेर बताउनुहोस् र तिनीहरूले यो प्रक्रिया पूरा गर्न तपाईंलाई जानकारी दिनेछन्।

एकपटक तपाईंले आफ्नो PIN छनौट गरिसकेपश्चात तपाईंले आफ्नो EBT कार्डद्वारा आफ्नो EBT खातामा भएका कुनैपनि सुविधाहरू सम्म आफ्नो पहुँच पुर्याउन सक्नुहुन्छ।

**आफ्नो EBT कार्डमा आफ्नो PIN नलेख्नुहोस्!**

### मैले मेरो EBT कार्डको ख्याल कसरी राख्नुपर्छ?

- आफ्नो EBT कार्डलाई सुरक्षित र सफा राख्नुहोस्।
- आफ्नो EBT कार्डलाई नबङ्ग्याउनुहोस्।
- आफ्नो EBT कार्डलाई चुम्बक र विद्युतीय उपकरणहरू (टेलिभिजन, रेडियो, VCR, माइक्रोवेभ इत्यादि) बाट टाढा राख्नुहोस्।
- यसलाई प्रत्यक्ष घाम आउने ठाउँ (अर्थात् आफ्नो कारको ड्यासबोर्ड) मा नराख्नुहोस्।
- आफ्नो EBT कार्डलाई नफाल्नुहोस्। तपाईंले सुविधाहरू प्राप्त गरिरहँदाको समयसम्म तपाईंले हरेक महिना उहीं EBT कार्डलाई प्रयोग गर्नुपर्नेछ।

## यदि मेरो EBT कार्ड हराएमा, चोरिएमा वा बिग्रिएमा मैले के गर्नुपर्छ ?

तपाईंले निम्न मध्ये एक गर्न सक्नुहुन्छ:

- EBT ग्राहक सेवा (1-888-997-9777) लाई नयाँ EBT कार्ड अनुरोध गर्न फोन सम्पर्क गर्न सक्नुहुन्छ । ग्राहक सेवा हप्ताको 7 दिन, दिनको 24 घण्टा नै खुला रहन्छ; वा
- आफ्नो स्थानीय District Office मा जान सक्नुहुन्छ र आफ्नो EBT कार्डलाई प्रतिस्थापन गर्न अनुरोध गर्न सक्नुहुन्छ ।

तपाईंको नयाँ EBT कार्डलाई फाइलमा भएको तपाईंको पत्राचार ठेगानामा हुलाकबाट पठाइनेछ ।

## मेरो नयाँ EBT कार्डमा कुन PIN हुन्छ ?

तपाईंले नयाँ EBT कार्ड पाउँदा तपाईंको PIN परिवर्तन हुनेछैन । तपाईंको हराएको, चोरिएको वा बिग्रिएको कार्डमा जुन PIN रहेको थियो नयाँ EBT कार्डमा पनि उहीं PIN रहनेछ ।

## यदि मैले हराएको वा चोरिएको भनेर रिपोर्ट गरिसकेपश्चात मैले मेरो EBT कार्ड भेटाएमा के हुन्छ ?

तपाईंले आफ्नो नयाँ EBT कार्ड पाउनको लागि पर्खनुपर्ने हुन्छ । एकपटक तपाईंले आफ्नो EBT कार्ड हराएको, चोरिएको वा बिग्रिएको रिपोर्ट गरिसकेपश्चात उक्त कार्ड स्वत: निष्क्रिय हुन्छ र यसलाई पुनरुत्प्रेरण गर्न सकिन्न ।

## यदि मैले EBT ग्राहक सेवालाई फोन सम्पर्क गर्दा तिनीहरूले मैले उपलब्ध गराएको ठेगाना गलत भएको मलाई जानकारी दिएमा के हुन्छ ?

तपाईंले EBT ग्राहक सेवालाई फोन सम्पर्क गर्दा तपाईंले आफ्नो ठेगाना परिवर्तन गर्न सक्नुहुन्न । आफ्नो ठेगाना परिवर्तन गर्नको लागि तपाईंले आफ्नो स्थानीय District Office लाई वा DHHS ग्राहक सेवा केन्द्र (DHHS Customer Service Center) (1-844-275-3447) लाई सम्पर्क गर्नुपर्छ । तपाईंको ठेगाना परिवर्तन भएको अर्को दिन मात्र तपाईंले नयाँ EBT कार्ड अनुरोध गर्न EBT ग्राहक सेवालाई फोन सम्पर्क गर्न सक्नुहुन्छ ।

## यदि मैले मेरो PIN बिर्सिएमा के हुन्छ ?

यदि तपाईंले आफ्नो PIN बिर्सिएमा तपाईंले यसलाई परिवर्तन गर्नको लागि आफ्नो स्थानीय District Office लाई सम्पर्क गर्नुपर्छ । कसैले पनि तपाईंलाई तपाईंको PIN भन्न सक्दैन किनभने तपाईं बाहेक अरू कसैलाई यो थाहा हुँदैन ।

## यदि मैले गलत PIN प्रविष्ट गरेमा के हुन्छ ?

यदि तपाईंलाई आफ्नो PIN याद राख्न समस्या हुन्छ भने POS टर्मिनल वा ATM मा यसलाई प्रविष्ट गर्दा अनुमान गर्ने प्रयास नगर्नुहोस् । ठीक नम्बर प्रविष्ट गर्नको लागि तपाईंसँग 4 अवसर हुन्छ । यदि तपाईंले चौथों प्रयाससम्म पनि ठीक PIN प्रविष्ट गर्नुभएन भने तपाईंको खातालाई रोकिन्छ । तपाईंले त्यसको मध्य-रातसम्म आफ्नो EBT कार्डलाई प्रयोग गर्न सक्नुहुन्न । केही मामिलाहरूमा ATM ले तपाईंको EBT कार्डलाई लिन सक्छ । यदि ATM ले तपाईंको EBT कार्डलाई राख्यो भने नयाँ EBT कार्डको लागि EBT ग्राहक सेवालाई सम्पर्क गर्नुहोस् ।

## मेरो खातामा भएको ब्यालेन्स मैले कसरी जाँच गर्ने ?

आफ्नो खाताको ब्यालेन्स जाँच गर्नको लागि तपाईंले:

- आफ्नो EBT कार्डको पछाडिको भागमा रहेको EBT ग्राहक सेवाको टोल फ्रि नम्बरमा फोन गर्न सक्नुहुन्छ जुन दिनको 24 घण्टा, हप्ताको 7 दिन उपलब्ध हुन्छ ।
- ebtEDGE.com मा जान सक्नुहुन्छ जहाँ तपाईंले आफ्नो खाताको ब्यालेन्स तथा पछिल्ला कारोबारहरू हेर्न सक्नुहुन्छ ।
- Cash सुविधाहरूका लागि मात्र तपाईंले ATM मा ब्यालेन्स जाँच ट्रान्जेक्सन गर्न सक्नुहुन्छ ।
- आफ्नो खाताको ब्यालेन्स जाँच गर्न तपाईं आफ्नो स्थानीय District Office मा जान सक्नुहुन्छ ।

**तपाईंले आफ्नो EBT कार्ड प्रयोग गर्नुभन्दा पहिला आफ्नो खाताको ब्यालेन्स सधैं जाँच गर्नुपर्छ ।**

## म्यानुअल भाउचर के हो ?

म्यानुअल भाउचरहरू Food Stamp सुविधाहरूको लागि मात्र प्रयोग गरिन्छ । तिनीहरूलाई निम्न समयहरूमा मात्र प्रयोग गरिन्छ:

- तपाईंले आफ्नो Food Stamp सुविधाहरूलाई फोनबाट प्रयोग गर्न चाहनुहुन्छ; वा
- तपाईं स्टोरमा हुनुहुन्छ र POS टर्मिनलले काम गरिरहेको छैन ।

त्यस भाउचरमा तपाईंको EBT कार्ड नम्बर र तपाईंले खर्च गर्दै गरेको रकम रहेको हुन्छ । खुद्रा पसलेले तपाईंसँग खरिद गर्नको लागि तपाईंको EBT खातामा पर्याप्त Food Stamp सुविधाहरू छ कि छैन भनेर जान्नको लागि तपाईंलाई फोन सम्पर्क गर्नेछ ।

## यदि मैले मेरो सुविधाहरू प्रयोग गर्दा वा मेरो EBT कार्डको के कस्तो छ भनेर जान्न समस्या भएमा के गर्ने ?

तपाईंले आफ्नो सुविधाहरूमा सहयोग गर्नको लागि अधिकृत प्रतिनिधि [Authorized Representative (AR)] भनिने एउटा व्यक्तिलाई छान्न सक्नुहुन्छ । AR हरूले:

- तपाईंको आफ्नै EBT कार्डबाट तपाईंलाई मद्दत गर्न सक्छन्; वा
- तिनीहरूको नाम भएको EBT कार्ड प्राप्त गर्न सक्छन् । यसो गरेर तिनीहरूले कुनैपनि समयमा तपाईंको सुविधाहरूसम्म पहुँच राख्न सक्छन् ।

## मैले AR कसरी प्राप्त गर्न सक्छु ?

AR प्राप्त गर्नको लागि तपाईंले यस्तो कुनै व्यक्तिलाई छनौट गर्नुपर्छ जसलाई तपाईंले विश्वास गर्नुहुन्छ । हामी तपाईंको लागि कुनै व्यक्तिलाई छनौट गर्न सक्दैनौं । यदि तपाईंको AR ले तपाईंको सुविधाहरूलाई हराएमा वा चोरेमा ती सुविधाहरूलाई सट्टा भर्ना गरिनेछैन । उक्त व्यक्ति निम्नहरू मध्ये कोही पनि हुनसक्छ:

- साथी वा परिवारको कुनै सदस्य; वा
- तपाईंको भलाइको बारेमा सोच्ने कुनै पनि व्यक्ति ।

तपाईंले आफ्नो AR कसलाई बनाउने भनेर सोचविचार गरिसकेपश्चात आफ्नो स्थानीय District Office लाई सम्पर्क गरेर वा dhhs.nh.gov/dfa/forms मा गएर DFA Form 778, *Authorized Representative Declaration (अधिकृत प्रतिनिधि घोषणा)* प्राप्त गर्नुहोस् । यस फारामलाई पूरा भर्नुहोस् र यसलाई DHHS मा फिर्ता गरिदिनुहोस् ।

## Food Stamp चेतावनी

जानीजानी EBT कार्डको दुरुपयोग गर्नु अपराध हो । यदि तपाईंले आफ्नो EBT कार्ड तथा PIN लाई नगद, लागूऔषध वा अन्य वस्तुहरूका लागि बिक्री गर्ने वा खुद्रा पसलमा नगदको लागि Food Stamp सुविधाहरू साट्ने लगायतका गैरकानूनी कार्यहरूको लागि प्रयोग गरेमा तपाईं Food Stamp सुविधाहरू प्राप्त गर्न अयोग्य हुन सक्नुहुन्छ र/वा तपाईं विरुद्ध मुद्दा दर्ता गर्न सकिन्छ ।

## याद राख्नुहोस्:

आफ्नो PIN लाई कसैलाई पनि नबताउनुहोस्! यदि कसैलाई तपाईंको PIN थाहा छ र उसले तपाईंको सुविधाहरू प्रयोग गर्छ भने ती सुविधाहरू सट्टा भर्ना गरिनेछैन । यदि तपाईंलाई आफ्नो PIN कसैले थाहा पाएको जस्तो लाग्छ भने आफ्नो PIN लाई परिवर्तन गर्नुहोस् !

DFA Form 77G(Ne)
09/15
DFA SR 15-12




**टोल-फ्रि EBT ग्राहक सेवा**
**दिनको 24 घण्टा, हप्ताको 7 दिन उपलब्ध**
**1-888-997-9777 WWW.EBTEDGE.COM**

*यदि तपाईंको EBT कार्ड हराएमा, चोरिएमा वा बिग्रिएमा तुरुन्तै EBT ग्राहक सेवालाई फोन सम्पर्क गर्नुहोस् – नयाँ EBT कार्ड हुलाकबाट तपाईंलाई पठाइनेछ !*